# डिलासैनी गाउँसभाको वैठकमा २०७५ साल आषाढ २५ गते सोमबार

## अध्यक्ष उकेन्द्रबहादुर बोहराज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम

डिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी बैतडी

**सभाका आदरणीय सदस्य ज्यूहरु तथा अतिथी महानुभावहरु,**

अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतिपूर्ण भएतापनि नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प हामीसँग छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिमा लागेको एक वर्ष वितिसकेको छ । यो एक वर्षको भोगाईको क्रममा विकास र समृद्धिको लागि हमीसँग प्रसस्त अवसरहरु भएपनि विविध समस्या तथा चुनौतिहरुपनि त्यतिकै रहेको हामीले अनुभव गरेका छौं । हामीसँग उपलब्ध सीमित साधन र श्रोतका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हाम्रो सम्पूर्ण डिलासैनी परिवार चिन्तित थियो, छ र हुने नै छ । गणतन्त्र, संघीयतासँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र डिलासैनी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, ओहोरात्र खटिने कर्मचारीहरु, शिक्षक, पत्रकार, समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

पुर्वमा बझाङ जिल्ला पश्चिम र उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा पुर्चौडी नगरपालिका र दोगडाकेदार गाउँपालिकाका बिचमा अवस्थित डिलासैनी गाउँपालिका डिलासैनी भगवति, कफलासैनी भगवति, दुर्गाभवानी, खुमट लगायतका विभिन्न धार्मिक एवं सांस्कृतिक सम्पदाहरुले भरीपुर्ण क्षेत्रका रुपमा रहेको छ । नदीजन्य, वनजन्य र खानीजन्य प्राकृतिक श्रोतका दृष्टिले समेत यस गाउँपालिकाले समृद्धिका पर्याप्त सम्भावनाहरु बोकेको छ ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७५/२०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा डिलासैनी गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गरेको हुने छ ।

**पूर्वाधार विकास तर्फः**

डिलासैनी गाउँपालिकाको सडक सञ्जालले नछोएका वडाहरु र गाउँपालिकाको केन्द्रसम्म पुग्ने सडकका सम्बन्धमा पूर्ण सर्भे तथा अध्ययन गरी यसै वर्षभित्र गाउँपालिकाको केन्द्र हुँदै आगामी २ वर्ष भित्रमा सबै वडा र बस्तीहरुमा सडकको पहुँच पुर्‍याउने गरी कार्यक्रम तयार गरिनेछन् । साथै छिमेकी गाउँपालिका नगरपालिकाहरुसँगको साझेदारीमा आधारित भएर नयाँ सडकहरु समेत सञ्चालनमा ल्याइनेछन् ।

डिलासैनी गाउँपालिकाले अँध्यारोमुक्त डिलासैनी अभियान सञ्चालन गर्ने नीति लिएको छ । पाँच वर्षभित्र यो अभियानलाई सम्पन्न गर्ने गरी कार्यक्रमहरु अगाडि बढाइने छ । यसका लागि लघु जलविद्युत निर्माणमा साझेदारी, ग्रामीण विद्युतीकरण, वैकल्पिक उर्जा प्रवर्द्धन तथा विद्युत लाइन विस्तारका कार्यक्रमहरु ल्याइनेछ ।

डिलासैनी गाउँपालिकाले शुद्ध खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउने नीति लिएको छ । यसका लागि साझेदारिमा आधारित खानेपानीका वृहत योजनाहरु सञ्चालन गर्ने कार्य यसै वर्षबाट सुरु गरिनेछ । सञ्चालनमा रहेका खानेपानी योजनाहरुको मर्मत सम्भार र संरक्षण गरिनेछ ।

डिलासैनी गाउँपालिका र वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ । साथै विभिन्न धार्मिक पर्यटकीय सम्भावना बोकेका मन्दिरहरुमा पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।

कृषि र पशु क्षेत्रको विकासका लागि साना सिचाइँ आयोजनाहरु सञ्चालनमा ल्याइनेछन् ।

साझेदारिमा आधारित पूर्वाधार विकासका लागि समपूरक कोष स्थापना गरिनेछ ।

**आर्थिक विकासः**

कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै माटो सुहाउँदो बाली, हावापानी सुहाउँदो फलफूल र आवश्यकता र बजार प्राप्त गर्ने तरकारी खेतीका लागि विभिन्न आयोजनाहरु सञ्चालनमा ल्याइनेछन् । माटो परीक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । चालु आर्थिक वर्षबाट सुरु गरिएको एक घर एक विरुवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

कृषि र सहकारी क्षेत्रको सञ्चालन र नियमनका लागि कृषि व्यवशाय प्रवर्द्धन ऐन र सहकारी ऐन कार्यान्वयनमा ल्याइनेछ ।

पशु विकासका लागि नश्ल सुधारका कार्यक्रमहरु अगाडि बढाइनेछ । पशु पालक किसानका लागि अनुदानमा आधारित पशु प्याकेज कार्यक्रम सञ्चालनमा ल्याइनेछ । पशु रोगको रोकथाम र पशु सेवाको प्रसारका लागि वडा स्तरबाट नै सेवा उपलब्ध गराउने नीति डिलासैनी गाउँपालिकाले लिएको छ ।

जोश, जाँगर र ईच्छा हुँदाहुँदै स्रोतको अभावमा बेरोजगार रहेका तथा विदेशिन बाध्य रहेका युवाहरुलाई गाउँपालिकाले सहुलियत दरमा ऋण उपलब्ध गराउने गरी गाउँपालिका युवा स्वरोजगार कार्यक्रमको थालनी गरिनेछ । यस कार्यक्रमबाट स्थानीय युवाहरुले आफनै गाउँठाउँमा उद्यम गर्ने अवसर प्राप्त गर्नेछन् । यस कार्यक्रम मार्फत एक वडा एक उत्पादनलाई प्रश्रय दिइनेछ ।

डिलासैनी गाउँपालिकाको क्षेत्रभित्र एक कोशेली घर स्थापना गरिनेछ । यस कोशेली घरमा स्थानीय उत्पादनको संकलन गरिनेछ । यस क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरुले कोशेली घरबाट स्थानीय कोशेली प्राप्त गर्न सक्नेछन् ।

**सामाजिक विकासः**

गुणस्तरीय शिक्षाका लागि डिलासैनी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय, बाल विकास केन्द्रहरुलाई गाउँपालिका शिक्षा नियमावलीको अधीनमा रही शिक्षक पारिश्रमिकका लागि अनुदान उपलब्ध गराइनेछ । यसपूर्व विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, दूरी, विद्यार्थी, शिक्षकको संख्या लगायतका प्राविधिक कुराहरुको अध्ययन गरी आवश्यक नभएका विद्यालयहरुलाई मर्ज तथा खारेज गरिनेछ  र आवश्यक भएका ठाउँमा थप विद्यालयहरु खोलिनेछन् ।

प्रधानाध्यापक, शिक्षक तथा समग्र स्कूल र पाठ्यक्रमको विकासका लागि समय समयमा तालिम, सेमिनार र गोष्ठीहरु सञ्चालन गरिनेछ । शिक्षकहरुलाई अंग्रेजी माध्यम शिक्षणको तालिम प्रदान गरिनेछ ।

विद्यालयको भवन निर्माण, बालबालिकामैत्री शौचालय निर्माणका आयोजनाहरुलाई निरन्तरता दिइनेछ । साथै विद्यालय क्षेत्र विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

आधारभूत स्वास्थ्यमा सबैको पहुँच पुर्‍याउन थप स्वास्थ्य संस्थाहरु स्थापना गरिने छ । आमा तथा शिशुको सुरक्षाका लागि चालु आर्थिक वर्षबाट सञ्चालनमा ल्याइएको मातृ तथा शिशु सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

गर्भवति महिलाहरुका लागि निःशुल्क भिडियो एक्स रे तथा ल्याब परीक्षणका कार्यक्रमहरु ल्याइनेछ । पूर्ण खोप, संस्थागत सुत्केरी, बालविवाह अन्त्य लगायतका कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट अगाडि बढाइनेछ ।

उच्च पहाडि क्षेत्रमा बसोबास गर्ने महिलाहरुको उत्थानका लागि उच्च पर्वतीय महिला उत्थान कार्यक्रम सञ्चालनमा ल्याइनेछ । साथै बालबालिका, दलित, अपांगता भएका व्यक्ति ज्येष्ठ नागरिक, आर्थिक रुपमा पछाडि परेका वर्गका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ ।

डिलासैनी गाउँपालिकाको सांस्कृतिक तथा स्थानीय कलाकृति तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गर्ने, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

वन तथा भूसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । नदीहरुबाट हुने कटान रोक्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपद जोखिम न्यूनीकरण र तत्काल राहतका लागि गाउँपालिका विपद व्यवस्थापन कोष स्थापना गरिनेछ । गाउँपालिकाको विपद व्यवस्थापन ऐन कार्यान्वयनमा ल्याइनेछ ।

भवन निर्माण मापदण्ड र संहिताको पालना गराइनेछ ।

**संस्थागत विकास र सेवा प्रवाहः**

डिलासैनी गाउँपालिकाको हरेक वडासम्म इन्टरनेट विस्तार गरिनेछ । चालु आर्थिक वर्षबाट प्रारम्भ गरिएको इ हाजिरी प्रणालीलाई थप विस्तार गरिनेछ । गाउँपालिका र वडा कार्यालयका लागि नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ ।

सेवा प्रबाहमा प्रबक्ता, सुचना अधिकारीको कार्यविवरण तयार गरी लागू गरिनेछ ।

गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा गुनासो संयन्त्र निर्माण गरिनेछ ।

गाउँपालिका र वडा कार्यलयहरुमा नियमित चौमासिक सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ ।

व्यक्तिगत घटना दर्ता जन्म, मृत्यु, विवाह लगायतका महत्वपूर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीबाट प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ ।

स्थानीय तहको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनमैत्री बनाउने लक्ष्य लिइनेछ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ ।

ज्येष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षाको कार्यक्रमअन्तर्गत लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नका साथै रकम वितरण कार्यलाई बैंकिंग प्रणालीमा आबद्ध गरिनेछ ।

गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइने छ ।

स्थानीय तहका कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधाको व्यवस्थापनका लागि कर्मचारी कल्याणकारी कोष स्थापना गरिने छ ।

**आदरणीय सदस्य महानुभावहरु**

राजनैतिक क्षेत्रमा हामिले ऐतिहासिक फडको मारेका छौ । संविधानतः तीनै तहका सरकारको निर्वाचन सम्पन्न भई लामो समयको संक्रमणकालको अन्त्य हुँदै मुलुक राजनीतिक स्थिरता तर्फ उन्मुख भएको छ भने राजनितिक प्रणालीप्रति नागरिकको भरोसा पुनस्थापित भएको छ । यो समयलाई विकास र समृद्धिको उपयुक्त अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अवको हाम्रो वाटो भनेको तिव्र आर्थिक वृद्धि र आर्थिक विकास नै हो ।

डिलासैनी गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम डिलासैनीवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी संयन्त्र सबै निश्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभामार्फत आम डिलासैनीबासीमा हार्दिक अपील गर्दै बिदा हुन्छु ।

धन्यवाद

उकेन्द्रबहादुर बोहरा
अध्यक्ष